# नेपाल टेलिभिजन
## इ-बुलेटिन

वर्ष १, अङ्क ५, भाद्र २०७७ www.ntv.org.np

**यस अंकमा**

नेपाल टेलिभिजन संस्थानले संस्थान भित्र भएगरेका विविध गतिविधिहरुलाई समेटेर आमदर्शक एवम् सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि मासिक रुपमा इ-बुलेटिन प्रकाशन गर्दै आइरहेको छ । २०७७ साल भाद्र महिनामा प्रकाशित यो अंक इ-बुलेटिनको पाचौं अंक हो ।

**यो अंकमा:**

- प्रशासनः सुरक्षा सावधानी र सतर्कता अपनाउदै नियमित कार्य सञ्चालन
- समाचारः समाचारमा विश्वसनीयता, प्रस्तुतीमा गुणस्तरीयता
- कार्यक्रमः कोरोना कहरका बीच निरन्तर कार्यक्रम
- एनटिभी प्लसः स्वास्थ्य र कृषिसंगै प्राथमिकतामा जनसरोकारका सामग्री
- व्यापारः व्यापारिक सहकार्य र सम्झौता विस्तार
- आर्थिक प्रशासनः संस्थागत सुशासन एवम् मितव्ययिताको सूत्रमा
- योजना, अनुसन्धान तथा अन्तर्राष्ट्रिय सम्वन्धः उत्साहजनक कार्य प्रगतिसंगै शत प्रतिशत लक्ष्य प्राप्तिको आशा
- इञ्जिनियरिङः सवल प्रविधि विस्तारमा सक्रियता
- एनटिभी कोहलपुरः कोहलपुर च्यानलमा नयाँ-नयाँ कार्यक्रम
- एनटिभी इटहरीः सहकार्य, सम्झौता एवम् नयाँ कार्यक्रमको शुरुवात
- अन्त्यमाः खबर आफ्नै

## सुरक्षा सावधानी र सतर्कता अपनाउदै नियमित कार्य सञ्चालन

कोभिड-१९ को महामारीको जोखिम तथा संक्रमण बढिरहेको अवस्थामा सार्वजनिक यातायात पनि जोर विजोर प्रणालीमा सञ्चालन अवस्थालाई ध्यानमा राखेर भाद्र महिनामा सुरक्षा सतर्कतालाई उच्च प्राथमिकता दिई नियमित प्रसारण एवम् अति आवश्यकीय काममा बाधा नपुग्नेगरी कर्मचारीहरुलाई आलोपालो हुनेगरी प्रसारण र कार्यालयको कार्य सञ्चालनको व्यवस्था मिलाइएको थियो ।

यसैगरी काठमाडौं उपत्यकामा निषेध आदेश समेत जारी भएको अवस्थामा स्वास्थ्य सुरक्षा सतर्कतासँगै जोखिम र कर्मचारीहरुको कार्यालय आवागमन गर्नुपर्ने अवस्थालाई ध्यानमा राखेर आवश्यकता अनुसार संस्थानका सवारी साधनहरुबाट कार्यालय आवतजावत गर्ने व्यवस्था मिलाइएको थियो । यसका साथै कोरोनाको उच्च जोखिम रहेको स्थानहरुका लागि थप स्वास्थ्य सुरक्षाका सामग्रीहरुको समेत व्यवस्था मिलाइएको छ ।



## समाचारमा विश्वसनीयता प्रस्तुतीमा गुणस्तरीयताको साख

समाचारको विषयवस्तुको विश्वसनीयता र प्रस्तुतीमा गुणस्तरीयताको आफ्नो लामो इतिहास र साखलाई कायम राख्दै नेपाल टेलिभिजनको समाचार च्यानलले भाद्र महिनामा पनि जनचासोका विविध विषयमा समाचार र समाचारमूलक सामग्रीहरुको प्रसारण गरेको छ । विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय घटनाक्रमहरुको सूचना र समाचार मार्फत जनसरोकारको सम्बोधन मात्रै नभई सरकारका नीति तथा योजनाहरुको निर्माण र कार्यान्वयनमा एनटिभी समाचार सरकारको सहयोगी समेत बनिरहेको छ ।

## विषय केन्द्रित रिपोर्टिङ




कोभिड-१९ का कारण सृजना भएको विषम परिस्थितिमा पनि एनटिभी समाचार च्यानलले आफ्ना रिपोर्टिङहरुलाई विषयबस्तु केन्द्रित गराई प्रस्तुत गरेको छ । कोभिड र यसको प्रभावका कारण उत्पन्न भएका अवस्थाहरुको गहिराइसम्म पुगेर असर न्युनिकरणका उपाय पहिल्याउने तर्फ केन्द्रित भई समाचार रिपोर्टिङ र त्यस्ता विषयवस्तु सहितका कार्यक्रमहरु प्रस्तुत भएका छन् । वास्तविक समस्याको पहिचान, त्यसको विश्लेषण र समाधान लक्षित समाचार एवम् समाचारमुलक कार्यक्रमहरु समाचार च्यानलबाट प्राथमिकता सहित प्रसारण भएका छन् । राष्ट्रिय स्तरका विषयहरु संगसंगै प्रदेश सरकारका गतिविधी र त्यहाँका नागरिकका सरोकारलाई समेट्दै नियमित रुपमा समाचार र विश्लेषणात्मक कार्यक्रम प्रदेश डायरीको पनि प्रसारण हुदै आएको छ । यसैगरी News Flash मार्फत घटना र समाचारको तत्काल जानकारी सम्प्रेषण गर्ने गरिएको छ भने महत्वपूर्ण विषयहरु समेटेर दृश्य सहितको समाचार संक्षेप समय-समयमा प्रसारण हुदै आइरहेको छ ।

## सरकारको सहयोगी समाचार



कोभिड-१९ को महामारी र यसको असरलाई परास्त गर्नुपर्ने अहिलेको पहिलो आवश्यकता हो भने महामारी कै बीच यसको प्रभाव अन्त्य गर्दै जनजीवन सामान्य र नियमित बनाउदै जानु अर्को महत्वपूर्ण साझा सरोकार हो । यी दुवै परिस्थितिमा आमनागरिकको स्वास्थ्य सुरक्षा र जनजीवनको सरोकारलाई उच्च प्राथमिकता दिंदै सरकारले विभिन्न नीति र योजनाहरु अघि सारेको छ । यस्तोमा महामारी र यसको समग्र प्रभावलाई कम गर्दै आर्थिक सामाजिक जीवनलाई चलायमान बनाउन सरकारले अघी सारेका योजनाहरुको सफल कार्यान्वयनका लागि एनटिभी समाचारले आफ्ना समाचार र समाचारमूलक सामग्रीहरुलाई केन्दित गरेको छ । कोभिड-१९ महामारी शुरुहुदाँका दिनमा महामारी र बच्ने उपायमा केन्द्रित रही समाचार र समाचारमुलक सामग्रीहरु प्रसारण गर्दै आएको समाचार च्यानलमा भाद्र महिनामा भने कोभिड-१९ बाट सुरक्षित रहदैं कसरी नियमित दैनिक जीवनयापन शुरु गर्न सकिन्छ भन्ने अहिलेको जनसरोकारको मुख्य विषयवस्तु सहितको प्रस्तुती समाचार च्यानलको पहिलो प्राथमिकता बन्यो ।

## सुरक्षित रहँदै समाचार

स्वास्थ्य महामारीले सम्पूर्ण विश्वलाई नै प्रभावित गरेको सन्दर्भमा समाचार च्यानल पनि प्रभावमुक्त रहने कुरा भएन । महामारीको यो संकटले केन्द्रीय समाचार कक्षका संवाददातालाई प्रत्यक्ष रुपमा नगाँजेको भएपनि सहकर्मी जिल्ला संवाददाता, दृश्यसंम्पादक एवम् इञ्जिनियर समेत संक्रमित भएको अवस्थामा कहरलाई चिर्दै सूचना र समाचार सम्प्रेषणको जिम्मेवारी पुरा गर्नु आफैंमा चूनौतीपूर्ण पनि रहयो । तर समाचार कक्षका संवाददाता पत्रकार सहित सबैको स्वास्थ्य सुरक्षालाई पहिलो प्राथमिकतामा राखेर सुरक्षाका उपाय अपनाउदै समाचार संकलन र प्रसारण भए । विषय र सन्दर्भ अनुसार फिल्ड रिपोर्टिङमा खटिने केन्द्र र जिल्लास्थित संवाददाताहरुलाई स्वास्थ्य सतर्कता अपनाउन सचेत बनाइएको छ । मास्क, स्यानिटाइजर, पञ्जा लगायत प्राथमिक स्वास्थ्य सामग्रीहरु संभव भएसम्म उपलव्ध गराइएको छ । आफू सुरक्षित रहदैं निषेधाज्ञा खुकुलो भएको अवस्थामा सुरक्षित रहदै अब जनजीवनलाई नियमित र सामान्य कसरी बनाउने भन्ने विषयमा समाचारहरु केन्द्रित भएका छन् ।

## कोरोनाका बीच नियमित कार्यक्रम

कोरोनाभाइरस कोभिड–१९ को महामारीको कारण उत्पन्न भएको असहज परिस्थितिका बीचमा पनि नेपाल टेलिभिजनको राष्ट्रिय प्रसारणले आफ्नो कार्य संचालनलाई छिटो, छरितो, व्यवस्थित र समयसापेक्ष बनाउने प्रयास गर्दै आएको छ । महामारी नियन्त्रण र रोकथामका लागि काठमाडौं उपत्यकाभित्र भदौ ३ गतेबाट लगाइएको निशेषधाज्ञाले कार्यक्रम निर्माणमा केही असहजता भएपनि नियमित कार्यक्रमहरुको निर्माण एवम् उत्पादनलाई निरन्तरता दिदै प्रसारण भइरहेका छन् ।

नेपाल टेलिभिजनको मेगा सिंगिङ रियालिटी शो नेपाल स्टारको छायाङ्कन गरी प्रसारण गर्नु यस निशेषधाज्ञाबीच चुनौतीपूर्ण थियो । तर स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गर्दै प्रत्यक्ष गायन प्रतियोगिताको यो कार्यक्रम निर्माण भई प्रसारण भइरहेको छ ।




यसका साथै अन्य कार्यक्रमहरु संघर्ष, जनस्वास्वास्थ्य बहस, रोजगार हाम्रो सरोकार, कोभिड हटलाइन, सुशासन सवाल, कानूनका कुरा, कोरोना केयर जस्ता कार्यक्रमहरु निर्माण तथा प्रसारण भएका छन् । यसैगरी दैनिक रुपमा प्रसारण हुने कृषि कार्यक्रमहरुको निर्माण तथा प्रसारण पनि नियमित रुपमा भइरहेको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सहकार्यमा निर्माण हुने विभिन्न भाषाभाषीका कार्यक्रहरु पनि यो महिना प्रसारण भए । नेपाल भाषाको नेवा दबु, भोजपुरी भाषाको भोजपुरी आवाज, थारु भाषाको समाद, अवध भाषाको अवध दर्शन, तामाङ भाषाको तुम्दुङ र मैथली भाषाको चौवटीया कार्यक्रमहरु प्रसारण भए ।

आम दर्शकमाझ निरन्तर रुपमा सूचना, जानकारी र सन्देश प्रवाह गर्नुपर्ने दायित्वलाई अझ सशक्त रुपमा निर्वाह गर्दै नेपाल टेलिभिजनले विभिन्न विषयमा परिसंवादहरु निर्माण गर्दै आएको छ । राष्ट्रिय विज्ञान दिवस, निजामती दिवस, कर्मचारी संचय कोष र कानून मन्त्रालय अन्तर्गतका विभिन्न  विषयमा सूचना तथा जानकारी दिने हेतुले विज्ञहरुसँग विशेष परिसंवाद निर्माण तथा प्रसारण गरियो ।



## स्वास्थ्य र कृषिसंगै प्राथमिकतामा जनसरोकारका सामाग्री




नेपाल कृषि अनुसन्धान परिषद् र नेपाल टेलिभिजन बीच भएको सम्झौता अनुरुप गत श्रावण २६ गते देखि उत्पादन/प्रसारण शुरु भएको कृषि अनुसन्धान र प्रविधी नामक कार्यक्रमको निर्माण र प्रसारण भाद्र महिनामा पनि निरन्तर भइरहयो । भाद्र महिनामा प्रत्येक सोमबार गरी कार्यक्रमका पाँच वटा शृङ्खला प्रसारण भएको छ ।

कोभिड-१९ को महामारी र यसको जोखिम अझै कायमै रहेकोले खेलकुद, साहित्य र संगीत सम्बन्धी बाहय रुपमा छायाँङ्कन गरी उत्पादन गर्नुपर्ने कार्यक्रमहरुको त्यहि अनुरुप नयाँ कार्यक्रमहरु निर्माण हुन सक्ने अवस्था नभएकोले ती विषयका पुराना कार्यक्रमहरु अद्यावधिक गरी प्रसारण भइरहेको छ ।

पुराना टेलीश्रृंखलाहरुको प्रविधि रुपान्तरण गरेर प्रसारण गर्ने कार्य अन्तरगत निम्न टेलिश्रृंखलाहरु प्रसारण भइरहेको छ ।






(क) २०५७ सालमा नेपाल टेलिभिजनबाट प्रसारित चर्चित टेलीश्रृंखला अविरल बग्दछ इन्द्रावती को प्रसारण श्रावण २ गतेबाट सुरु भएको र भाद्र महिनामा १२ गते सम्म प्रत्येक शुक्रबार त्यसपछि हप्तामा २ दिन विहिबार र शुक्रबार गरी जम्मा ६ भाग प्रसारण भएको छ ।

(साहित्यकार रमेश विकलको लोकप्रिय उपन्यास अविरल बग्दछ इन्द्रवती को कथामा आधारित यो टेलिश्रृंखलाले २०३८–४० सालको परिवेशमा इन्द्रावती नदीको आसपास बसोवास गर्ने माझी र दनुवार समुदायले भोगेका पीडा व्यथालाई सशक्त रुपमा प्रस्तुत गरेको छ ।)

(ख) पुराना चर्चित सामाजिक विषयवस्तुमा आधारित टेलीश्रृंखला प्रसारण गर्ने नै क्रममा टेलीश्रृंखला कालीगण्डकीको सेरोफरो भाद्र २१ गते देखि हप्तामा ४ दिन आइतबार, सोमबार, मंगलबार र बुधबार गरि जम्मा ८ भाग प्रसारण गरिएको छ ।

(यस टेलीश्रृंखलामा पश्चिम नेपाल विशेषगरी तत्कालिन गण्डकी अञ्चल क्षेत्रको सामाजिक विकृती,छुवाछुत लगायतका विषय सशक्त रुपमा प्रस्तुत गरिएको छ र चेतना प्रवाह गर्ने प्रयास गरिएको छ ।)

यसैगरी नेपाल सरकार स्वास्थ्य मन्त्रालय, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र र नेपाल टेलिभिजन बीच २०७७ श्रावण २९ गते भएको सम्झौता अनुसार एनटिभी प्लसबाट दैनिक विहान ७:०० बजे देखि ८:०० बजे प्रसारण भैरहेको स्वस्थ जीवन कार्यक्रम भाद्र महिनामा ३१ भाग निर्माण गरी प्रसारण भएको छ । यसका साथै करिब १५ वटा स्वास्थ्य सम्बन्धी नयाँ जनचेतना मुलक सन्देश (PSA) हरु प्रसारण भैरहेको छ ।

अमेरिकी प्रसारण संस्था ‘भ्वाइस अफ अमेरिका (VOA)’ संगको सहकार्यमा प्रत्येक आइतवार प्रसारण हुदै आएको कार्यक्रमको भाद्र महिनामा ४ वटा भाग पनि प्रसारण गरिएको छ ।

## प्राथमिकताका विषयहरुको प्रत्यक्ष प्रसारण




कोभिड-१९ को महामारीको अवस्थामा पनि नागरिकका सरोकारसंग सम्वन्धित विविध विषय र सन्दर्भहरुमा नेपाल टेलिभिजनका विभिन्न च्यानहरुबाट भाद्र महिनामा पनि प्रत्यक्ष प्रसारण भएका छन् । विगतका महिनाहरुमा जस्तै भाद्र महिनामा पनि कोभिड–१९ का सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दैनिक रुपमा गर्दै आइरहेको प्रेस ब्रिफिङ्गको नियमित प्रत्यक्ष प्रसारण सम्पन्न भयो । यसैगरी सरकारका प्रवक्ताका तर्फबाट आयोजना हुने मन्त्रीपरिषद्को निर्णय सार्वजनिकी कार्यक्रमको प्रत्यक्ष प्रसारण पनि नियमित रुपमा हुदै आइरहेको छ । यसका अलावा पनि अन्य विविध सन्दर्भहरुमा आवश्यकता अनुसार कार्यक्रमहरुको प्रत्यक्ष प्रसारण नेपाल टेलिभिजनका च्यानलहरुबाट हुदै आइरहेको छ ।



## व्यापारिक सहकार्य र सम्झौता विस्तार



कोभिड-१९ का कारण विज्ञापन बजारमा संकुचन आएको भएपनि नेपाल टेलिभिजनमा सन्तोषजनक रुपमा नै विज्ञापन प्राप्त भइरहेको छ । विज्ञापन प्रसारणका लागि विज्ञापन एजेन्सीहरुसंगको बार्षिक ठेक्का सम्झौतामा साउन महिनाको तुलनामा भाद्र महिनामा ७०.७६% ले बृद्धि भएको छ । कोरोनाको प्रभावले आर्थिक गतिविधि सिमित भएको अवस्थामा पनि भाद्र महिना सम्ममा नेपाल टेलिभिजनले यस बर्षको व्यापार लक्ष्यको झण्डै तीन चौथाई व्यापार सम्झौता गर्न सफल भएको छ । चालु आ.व.का लागि संस्थानको सञ्चालक समितिले तोकेको ब्यापारिक लक्ष्य कूल ५१ करोड १४ लाख ५० हजार रुपैंया मध्ये भाद्र महिना सम्ममा ४३ करोड १० लाख रुपैंया बराबरको व्यापारिक सम्झौता सम्पन्न भएको छ । भाद्र महिनामा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसंग डिजिटल नेपाल तथा समावेशी कार्यक्रमहरुको सम्झौता सम्पन्न भएको छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्र संग थप सम्झौताको अन्तिम चरणमा छ । भूमि व्यवस्थापन तथा अभिलेख महाशाखासंग भूमि व्यवस्था सम्बन्धी प्रविधिको प्रयोग र सुशासन सम्बन्धी कार्यक्रम निर्माण गर्ने सम्झौता सम्पन्न भएको छ ।

## सरकारी तथा गैरसरकारी निकायहरुसंगको सहकार्य



सरकारी तथा गैरसरकारी निकायहरुसंगको सहकार्यलाई निरन्तर अघि बढाउने सन्दर्भमा वार्षिक सम्झौंता सम्पन्न भएको छ । यस अवधिमा सरकारी निकायहरु नेपाल दुरसंचार प्राधिकरण, स्वास्थ्य सूचना तथा संचार केन्द्र, काठमाण्डौ महानगरपालिका, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान, संचार तथा सूचना प्रविधि मन्त्रालय, भूमि व्यवस्थापन तथा अभिलेख विभाग लगायतसंग वार्षिक सम्झौंता सम्पन्न भएका छन । पटके कार्यक्रमका लागि ब्रिटिश काउन्सिल, वि.पी कोईराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी तथा विज्ञान सङग्रहालय, कर्मचारी सञ्चयकोष लगायतसंग सहकार्य भएको छ । काठमाण्डौ महानगरपालिकासंग कोभिड विशेष सन्देश उत्पादन तथा प्रसारणका लागि सहकार्य भएको छ । स्वास्थ्य मन्त्रालय सूचना तथा संचार केन्द्रसंग जनस्वास्थ्य तथा कोभिडसंग सम्बन्धित विशेष कार्यक्रम निर्माण तथा प्रसारण र स्वास्थ्य सचेतनासंग सम्बन्धित सन्देश प्रसारण सम्झौंता व्यापार महाशाखाको समन्वयमा प्रभावकारी ढंगबाट कार्यान्वयन भईरहेको छ ।

## डिजिटल प्लेटफर्मको दर रेट

नेपाल टेलिभिजनको Mobile Apps तथा Website मा विज्ञापन राख्न दररेट तथा TOR निर्धारण भएको छ । नेपाल टेलिभिजनको NEW Media मा विज्ञापन एजेन्सी तथा संघ संस्थाले बार्षिक टेण्डर मार्फत विज्ञापन खरिद गर्न पनि सकिने र लुज दररेटमा विज्ञापन राख्न पनि सक्ने गरी दररेट निर्धारणका लागि बोलपत्र सेवा शर्त (TOR) व्यापारबाट सिफारिस भएको छ । आ.व २०७७/०७८ का लागि एनटिभी कोहलपुर र एनटिभी इटहरीका लागि छुट्टै दररेटको स्वीकृतका लागि  बोलपत्र सेवाशर्त (TOR) व्यापारबाट सिफारिस भइ सञ्चालक समितिबाट स्वीकृत भइसकेको छ ।

## संस्थागत सुशासन एवम् मितव्ययिताको सूत्रमा

कोभिड-१९ को महामारीले सृजना गरेको विषम परिस्थितिको सामना गर्दै नेपाल टेलिभिजनका सबै च्यानलहरुको प्रसारणलाई गुणस्तरिय बनाउदै संस्थागत सुशासन एवं मितव्ययीता कायम राख्नका लागि "आन्तरिक खर्च नियन्त्रण कार्यविधि २०७७" तयार भई कार्यान्वयनका लागि प्रकृयामा लगिएको छ । भाद्र महिनामा महालेखा परीक्षकबाट आ.व. २०७६/०७७ को अन्तिम लेखापरीक्षणको क्रममा लेखापरीक्षकहरु र संस्थाका पदधिकारी बिच Entry meeting सम्पन्न भएको छ । यसैगरी आय लेखा शाखाबाट सम्झौता अनुसार प्रसारित कार्यक्रमहरुको बिलिङ्ग लगायत भुक्तानी उठाउने कार्य नियमित हुनुका साथै खरिद ईकाईबाट भुक्तानीका लागि प्राप्त बिलहरुको नियमानुसार भुक्तानी कार्य लगायत अन्य नियमित कार्यहरु सम्पन्न गरिएको छ ।



## उत्साहजनक कार्य प्रगतिले शत प्रतिशत लक्ष्य प्राप्तिको आशा

आर्थिक बर्ष २०७७/०७८ को वार्षिक कार्ययोजना अनुसार भाद्र महिनामा मात्रै ६६.६ प्रतिशत कार्य प्रगति हासिल भएको छ । चालु आ.व. को पहिलो दुई महिनाको द्वैमासिक प्रगति भने समग्रमा ८३.३ प्रतिशत रहेको छ ।

भाद्र महिनामा आ.व. २०७७/०७८ को कार्ययोजनामा रहेका आठ मध्ये तीन वटा वोलपत्रहरु आहवान भइसकेको छन् । यीनका अतिरिक्त अहिले देखिएको कोभिड-१९ को महामारीसंग जुध्न रोकथामसंग सम्वन्धित विविध सामाग्रीहरु लगायत अन्य महत्वपूर्ण खरिदकार्यहरु यस अवधिमा भएका छन् ।

संस्थान र यसका सबै आर्थिक क्रियाकलापहरुमा पारदर्शिता कायम गर्न एवम् खर्चमा मितव्ययिता लागि खर्च नियन्त्रण कार्यविधी २०७७ तयार गरी सञ्चालक समितिबाट स्विकृत गरिएको छ ।

चालु आ.वमा करिब ५१ करोड रुपैया वार्षिक कुल आम्दानी रहेकोमा ४३ करोड रुपैंया भन्दा बढीको सम्झौता भइसकेको छ ।

यिनका अलावा कोभिड-१९ सम्वन्धी मन्त्रीपरिषद्का निर्णय लगायत महत्वपूर्ण घटना र अवसरहरुको नेपाल टेलिभिजनले प्रत्यक्ष प्रसारण गर्दै आइरहेको छ ।



## प्रविधिमैत्री प्रसारण बनाउने प्रयासमा प्रगति

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित गर्ने कोभिड १९ को अवस्था बारेको मिडिया ब्रिफ्रिङको नेपाल टेलिभिजनका च्यानलहरुबाट नियमित प्रत्यक्ष प्रसारणको व्यवस्थापन गत महिनाहरुमा जस्तै भाद्र महिनामा पनि इन्जिनियरिङ महाशाखाले गर्दै आइरहेको छ ।

नेपाल टेलिभिजनले स्थापना गर्न लागेको समाचार ब्यूरोको लागि Tender मार्फत खरिद भएका सामानहरु कोभिड-१९ को महामारीका कारण सिंगापुरमा रहेकोले ती सामानहरु ल्याउने तयारी भइरहेको छ ।

आ व २०७७/०७८को योजना अनुसार खरिद गर्नु पर्ने Audio Video Equipment, Computers and Non Linear Editing Sets तथा 3G/4G Device हरुको टेण्डरका लागि Technical Specification बनाउने कार्य गरिएको छ ।

भू-सतहीय प्रसारणका लागि Digital UHF Transmitter हरु जडान गर्न आवश्यक Tower Extension को कार्य पनि भइरहेको छ ।



## कोहलपुर च्यानलमा नयाँ-नयाँ कार्यक्रम






एनटिभी कोहलपुरको स्क्रिन सुधारका लागि विभिन्न प्रयासहरु गरिंदै आएका छन् । च्यानललाई दर्शकहरुको पहिलो रोजाइको च्यानल बनाउने लक्ष्य सहित नयाँ-नयाँ कार्यक्रमहरु थपिएका छन् । प्रदेश सरकार र स्थानीय सरकारको बिश्वास एनटिभी कोहलपुरप्रति बढ्दै गएको छ । कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र एनटिभी कोहलपुर बीच सहकार्य भै कर्णाली प्रदेशको मौलिक पहिचान र वास्तविक समस्याको पहिचान गरी जनता र प्रदेश सरकाबीच परिवर्तन र विकासको सेतु बन्ने उद्धेश्य सहित “हाम्मा कुडा हाम्मा मुख्यमन्त्री” नामक कार्यक्रम प्रसारण गर्न उत्पादनको कार्य शुरु भएको छ । प्रदेश सरकारसंगै एकपछि अर्को स्थानीय तहसंग सहकार्य भै कार्यक्रम उत्पादन र प्रसारण सुरु हुनुले पनि जनताले आफ्नो नजिकको टेलिभिजनका रुपमा एनटिभी कोहलपुरलाई लिएको प्रमाणित भएको छ । यसैगरी स्थानीय भाषा र संस्कृतीको संरक्षण गर्दै अघि बढ्ने नेपाल टेलिभिजन र एनटिभी कोहलपुरको नीति अनुरुप पाँच नम्बर प्रदेशको मौलिक अबधी भाषाको कार्यक्रम अबध आवाजको प्रसारण आरम्भ भएको छ । यसैगरी जनस्वास्थ्य विषयसंग सम्वन्धित कार्यक्रम हेल्थ डेस्कको प्रसारण शुरु गरिएको छ ।

चालू आर्थिक वर्षको दुई महिनामै व्यापारिक लक्ष्य हासिल हुनु एनटिभी कोहलपुरको अर्को सबल र महत्वपूर्ण पक्ष हो । यस अवधिमा एनटिभी कोहलपुरमा ६ वटा विज्ञापन एजेन्सी दर्ता भएका छन् । ति मध्ये दुईवटा एजेन्सीले कारोबार शुरु गरिसकेका छन् । अरु एजेन्सीले पनि कार्यक्रम प्रसारणका लागि समय खरीद गर्न प्रस्ताव पेश गरेका छन् ।


NATIONAL SYMBOLS OF NEPAL





**एनटिभी कोहलपुरले भाद्र महिनामा हासिल गरेका महत्वपूर्ण प्रगति र गरिरहेका प्रयासलाई तालिकाबद्ध गरी यहाँ प्रस्तुत गरिएको छ ।**

| | |
|---|---|
| • | कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र एनटिभी कोहलपुर बीच सहकार्य भै हाम्मा कुडा हाम्मा मुख्यमन्त्री नामक कार्यक्रम प्रसारण गर्न उत्पादनको कार्य शुरु । |
| • | बारबर्दिया नगरपालिका, बर्दिया र एनटिभी कोहलपुर बीच कार्यक्रम उत्पादन तथा प्रसारणका लागि सम्झौता सम्पन्न । |
| • | बढैयाताल गाउँपालिका, बर्दिया र एनटिभी कोहलपुर बीच कार्यक्रम उत्पादन तथा प्रसारणका लागि सम्झौता सम्पन्न । |
| • | खजुरा गाउँपालिका, बाँके र एनटिभी कोहलपुर बीच कार्यक्रम उत्पादन तथा प्रसारणका लागि सम्झौता सम्पन्न । |
| • | बैजनाथ गाउँपालिका, बाँके र एनटिभी कोहलपुर बीच कार्यक्रम उत्पादन तथा प्रसारणका लागि सम्झौता सम्पन्न । |
| • | सिमा क्रियटिभ हाउस प्रा.लि. दाङ र एनटिभी कोहलपुर बीच हाम्रो सरोकार नामक कार्यक्रम प्रसारण गर्नका लागि समय विक्री । |
| • | अबधी भाषाको कार्यक्रम अबध आवाज, हेल्थ डेस्क कार्यक्रम प्रसारण सुरु |
| • | एनटिभी कोहलपुरलाइ दिइएको ब्यापारिक लक्ष्य हासिल गर्न सफल । |



## सहकार्य, सम्झौता एवम् नयाँ कार्यक्रमको शुरुवात

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश १ सँगको सहकार्यमा भदौ १ गते देखि दैनिक रुपमा साँझ ७ बजेको समाचारमा करिब ३ मिनेटको कृषि समाचार सेग्मेन्टको उत्पादन तथा प्रसारण शुरु भएको छ । बरिष्ठ कलाकार एस. सी. सुमनद्वारा सिर्जित मिथिला चित्रकलाको संयोजनबाट 'हाम्रो संस्कृति हाम्रो गौरव' संस्कृति प्रवर्द्धनात्मक सन्देश उत्पादन र प्रसारण गरिएको छ ।

## प्रत्यक्ष प्रसारण



स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड १९ सम्बन्धी जानकारी दिने उद्धेश्यले हरेक दिन गर्दै आइरहेको मिडिया ब्रिफिङको कार्यक्रमलाई पनि इटहरी च्यानलले नियमित रुपमा प्रत्यक्ष प्रसारण गर्दै आएको छ । यसका साथै कोरोनाभाइरसबारे जनचेतना बढाउने लक्ष्य सहित नेपाल टेलिभिजनले निर्माण गरिरहेको दैनिक कार्यक्रम 'कोभिड हटलाइन' को पनि नियमित रुपमै प्रत्यक्ष प्रसारण गर्दै आइरहेको छ ।



## सहकार्य सम्झौता र कार्यक्रम उत्पादन

आन्तरिक मामिलातथाकानूनमन्त्रालय, प्रदेश–१ सँग सहकार्य सम्झौताभई प्रदेश १ डायरी उत्पादन र प्रसारण निरन्तरता । नियमित रुपमा प्रसारणमा रहेका जनतासँग मुख्यमन्त्री,संमृद्धीको यात्रा, राशिफल दैनिक, पत्रपत्रिका, सूर्योदय दैनिक, डायल इटहरी लगायतका कार्यक्रमहरुको नियमति रुपमा उत्पादन एवम् प्रसारण भइरहेको छ । यसैगरी दैनिक ४ वटा समाचार बुलेटिन र ३ वटा दृश्य सहितको समाचार संक्षेप नियमित रुपमा उत्पादन र प्रसारण हुदै आइरहेको छ । स्वास्थ्य हाम्रो जीवन दैनिक र रोजगार हाम्रो सरोकार नियमित प्रसारण हुदै आइरहेको छ ।



## खबर आफ्नै

कोरोनाभाइरस कोभिड-१९ को जोखिम प्रति पूर्ण सजग रही नेपाल टेलिभिजनको व्यवस्थापन र समाचार महाशाखाले पत्रकार एवम् कर्मचारीहरुको सुरक्षालाई उच्च प्राथमिकता दिई कार्य सञ्चालन गरिरहेको अवस्था भएपनि कार्यक्षेत्रमा खटिनु नै पर्ने र बाहिरी मानिसहरुसंग कुनै न कुनै रुपमा सम्पर्क गर्नैपर्ने वाध्यताका कारण हाम्रा सात जना सहकर्मी साथीहरुमा कोरोनाभाइरसको संक्रमण पुष्टि भएको छ । महामारी र स्वास्थ्य संकटको अवस्थामा समेत नागरिकहरुलाई हरेक क्षणको सूचना र समाचार संप्रेषण गर्न अहोरात्र खटिएका हाम्रा सप्तरी, धनुषा र कपिलवस्तुका जिल्ला संवाददाताहरुमा संक्रमण पुष्टी भयो । यसैगरी कोहलपुर च्यानलमा रहेर सेवागर्दै आउनुभएका एकजना सहकर्मीलाई पनि कोरोनाको संक्रमण भयो । संस्थानको केन्द्रीय कार्यालयमै रहेर इञ्जियरिङ, दृश्य सम्पादन र प्रशासन अधिकृतको जिम्मेवारी निर्वाह गरिरहेका तीन जना सहकर्मीहरुमा पनि भाइरसको संक्रमण पुष्टि भएको छ । यसरी संगै काम गर्ने सहकर्मीहरुलाई संक्रमण पुष्टि हुँदा पनि संस्थानका पत्रकार र कर्मचारीहरुले आफ्नो पेशागत दायित्व र जिम्मेवारीलाई ध्यान दिदै स्वास्थ्य सावधानी अपनाएर सबै पाँच वटै च्यानलको २४ घण्टा नै अविच्छिन्न प्रसारण गरिरहेका छन् । भाइरसको संक्रमण भएकाहरुलाई आवश्यक स्वास्थ्य उपचार, परीक्षण लगायत आवश्यक कुरालाई संस्थानको व्यवस्थापनले निकै संवेदनशील भएर अघी बढाइरहेको छ । त्यसैको परिणाम स्वरुप संक्रमित मध्ये पाँच जना संक्रमणमुक्त भई कार्यस्थलमा फर्किइसकेका छन् ।

स्वस्थ्य एवम् सुरक्षित कार्यस्थल बनाउन र कुनै त्रास विना कार्यक्षेत्रमा खटिन मनोबल बढाउन व्यवस्थापन तहबाट यसबीचमा थप प्रयासहरु पनि भएका छन् । कन्ट्याक्ट ट्रेसिङ सहित भाद्र महिनासम्ममा कार्यालयमा कार्यरत करीब ८० जनाको पिसीआर परीक्षण गरिसकिएको छ ।

यसैगरी कोरोनाभाइरसको महामारीको कारण नेपाल सरकारले लकडाउन (बन्दाबन्दी) घोषण गरेको अवधि २०७६ चैत्र ११ देखि २०७७ जेष्ठ ३२ सम्म जम्मा ८३ दिनलाई नेपाल सरकारले सार्वजनिक विदा घोषण गरेको भए पनि नेपाल टेलिभिजनका पाँचैवटा च्यानलको प्रसारण तथा डिजिटल प्लेटफर्म लगायत अत्यावश्यक सेवाको रूपमा रहेको संस्थानका सबै सेवाहरू निरन्तर रूपमा सञ्चालन गरिएको विषम परिस्थितिमा जोखिमका बीच कार्यालयमा उपस्थित भई तथा आवश्यकता अनुसार फिल्डमा समेत खटिई सेवा प्रदान गर्ने पत्रकार तथा कर्मचारीहरूलाई प्रोत्साहन गर्ने सम्बन्धमा नेपाल टेलिभिजन सञ्चालक समितिको भाद्र २३ गतेको वैठकबाट नगद भत्ता एवम् अन्य सुविधाहरु दिने सम्वन्धी निर्णय पनि भएको छ ।